हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्ट्स सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १६४ पृष्ठ : ४ २०७७ माघ ०२ गते शुक्रबार (Friday 15 January 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

*थारु समुदायको माघी महोत्सव*

## रौनक बेग्लै, झुमे थारु युवायुवती







**महेन्द्र प्रसाद चौधरी**

**बानो ।** सदाझैं यसवर्ष थारू समुदायले सिरहाको लहान नगरपालिका-१५ स्थित बानोमा हर्षोल्लासका साथ माघी महोत्सव मनाएका छन् । यसवर्ष थारू माघी महोत्वको रौनक बेग्लै थियो । थारू वाहुल्य रहेको यस स्थानमा बर्सेनि थारू समुदायले माघी महोत्सव गर्दै आएका छन् । लहाननगरपालिका-१५ बानो गाउँमा अवस्थित झौवाई खोल्सी चुरिया डाडाँ सामुदायिक वन उपभोक्ता समिति लहानले यस क्षेत्रमा बर्सेनि महोत्सव आयोजना गर्छन् । माघी महोत्सवका सभापति अभिनन्दन चौधरी, संयोजक जोखन चौधरी, लहान नगरपालिका-१५ का वडाध्यक्ष श्री तेज नारायण चौधरी, थारू कल्याणकारी केन्द्रीय सदस्य विरेन्द्र कुमार चौधरी लगायत डिभिजन वन कार्यालय लहानको प्रतिनिधि श्री देवेन्द्र पासमानज्यू, सशस्त्र वेश क्याम लहानका सुरक्षाकर्मी लगायत विभिन्न संघको उपस्थितीमा कार्यक्रम सम्पन्न भएको थियो । २६४४ चौथो माघी (माघ) महोत्सव २०७७ को कार्यक्रममा थारूको पहिचान, भेषभुषा, परिकार, थारू सांस्कृतिक नृत्य कार्यक्रम लगायत विभिन्न गीत संगीतमा कलाकारहरूले आ-आफ्नो कला प्रस्तुति प्रदर्शन गरेका थिए । यो ठाउँमा प्राकृतिक वन जंगल तपेश्वर महादेव शिवलिंगको मन्दिर, ताल र बोटिङ्गको व्यवस्था समेत हुनाले घुम्न आउने अतिथि तथा पर्यटकहरू अति नै मनमोहक दृश्यको आनन्द लिई रमाईरहेको देखिएको छ ।

**बगैंचा सहितको जग्गा बिक्रीमा**

**लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, ७ फिट भन्दा अग्लो टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।**

**सम्पर्क नम्बर : ०३३-५६०२१९**
**मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०**




## औरही गाउँपालिकामा निःशुल्क आँखा शिविर




**धर्मेन्द्र पासवान**

**लहान ।** जाडोमा चिसोको प्रवाह नगरि बालबालिका देखि जेष्ठ नागरिकसम्म अनुशासित भएर लाइनमा खडा भएको देखिन्छ । यो दृश्य हो, सिरहाको सिमावर्ती औरही गाउँपालिकाको प्राथमिक स्वास्थ्य केन्द्रको प्राङ्गणको जहाँ उनीहरू कुनै राहत लिन वा मतदान गर्न भने आएका होइनन् ।

औरही गाउँपालिकाको आर्थिक सहयोग, नेपाल नेत्र ज्योति संघ तथा सगरमाथा चौधरी आँखा अस्पताल लहानको प्राविधिक सहयोगमा गाउँपालिकाको स्वास्थ्य शाखाले आयोजना गरेको निःशुल्क आँखा शिविरमा आँखा जचाउनका लागि आएका हुन् ।

शिविरमा विशिष्ट अतिथि सगरमाथा चौधरी आँखा अस्पताल लहानका संचालक समितिका अध्यक्ष रविन्द्र चौधरीले तमसोमा ज्योतिर्गमय (अर्थात अँध्यारोबाट उज्यालोमा लग्नु) को उद्घोष गर्दै भने,'गाउँपालिकाले आयोजना

*बाँकी २ पेजमा*




**फ्रेन्डस मोडेल हसिपटल, लहान-४**
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरु**
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

**डाक्टरहरु**
बालरोग विशेषज्ञ — डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

# सम्पादकीय

## खेलकुद क्षेत्रलाई जगेर्ना गरौं

बौद्धिकता प्रयोग गरी सिर्जित तथ्यलाई बौद्धिक सम्पत्ति भनिन्छ । व्यक्ति वा संस्थाले निरन्तर खोज, अनुसन्धान र लगानी गरेर कुनै सुत्र वा सिद्धान्त, विधि वा तौर तरिका पत्ता लगाएको हुन्छ। यसरी प्रतिपादन गरिने ज्ञानबर्धक खुराक वा सामाग्रीलाई बौद्धिक सम्पत्तिको संज्ञा दिने गरिएको छ। खेलकुद गतिविधिलाई गतिशीलता दिन रचनात्मकता अनिवार्य रहेको हुन्छ। त्यसकारण खेलकुदका क्षेत्रमा गरिएको खोज वा सिर्जनाहरुले पर्दा पछाडि काम गरिरहेका हुन्छन् । संस्कृति भौगोलिकता,आधुनिकता, प्राचीनता जस्ता पक्षसँगको सारभूत अन्तरसम्बन्धको आयामहरुलाई केलाउदै सिद्धान्त प्रतिपादन गरिएको हुन्छ । जसमा रमाईलोपन ,मौलिकता, प्रभावकारिता जस्ता कुरालाई प्राथमिकतामा राख्दै आफ्नो मौलिक विचार र सोच प्रयुक्त बुद्धिविलासिताको उपज सप्रेषण गरिन्छ । यस्तै बौद्धिक कृयाबाट धरमा नविन सिर्जना उजागर हुन्छ ।

खेल कार्यमा बौद्धिक सम्पत्ति (आईपी) प्रमुख मेरुदण्ड हो । प्राविधिक ज्ञान बिना खेल गतिविधी असंभव रहन्छ नै । परिधिमा नियमन वा सूत्रधार हरेक खेलको पहिचान हो । जसले मौलिकता र आधुनिकता अनुरुप आ–आफ्नो खेलको परिचायक बोकेको हुन्छ ।

खेल कार्यमा बौद्धिक सम्पत्ति (आईपी) प्रमुख मेरुदण्ड हो । प्राविधिक ज्ञान बिना खेल गतिविधी असंभव रहन्छ नै । परिधिमा नियमन वा सूत्रधार हरेक खेलको पहिचान हो। जसले मौलिकता र आधुनिकता अनुरुप आ–आफ्नो खेलको परिचायक बोकेको हुन्छ । खेल सर्जकहरुले खेलमा प्रत्यक्ष र परोक्ष तबरले सहभागीता जनाउने वा संग्लग्न रहने हुदाँ भावनात्मक रुपमा मनोरञ्जन, सुखानुभुती वा दुस्खबोध गराएका हुन्छन्। आधुनिक खेल संचालकले खेलको बौद्धिक सम्पत्तिलाई उपकरण मार्फत परिणाममुखी बनाउन हैंसे गर्दछन् ।जसले सामाजिक र आर्थिक महत्व बोक्ने गरेको पाईन्छ ।

सन् १९७० को दशकमा अमेरिका स्थित हार्वड विश्वविद्यालयका खोजकर्ताहरुले तयार पारेको एक सोधले खेलकुद मनोरञ्जनको मात्र नभई समाजमा सांस्कृतिक र आर्थिक क्रान्तिको द्योतक रहने औल्याएको छ । अनुसन्धानले आधुनिकताको बढ्दो प्रभाव, देखासिकी र प्रविधीको विकासले खेल जगत्ले तिब्रतर गति लिदै नयाँ फड्को मार्ने औल्याएका थियो । उक्त सोधले बौद्धिक सम्पत्ति खुला आँखाले देख्न नसकिने हुँदा यसलाई अदृश्य सम्पत्तिको रुपमा रहने अर्थ्याएको पाईन्छ ।कुनै पनि व्यक्ति वा संस्थाले प्रतिपादन गरेको बौद्धिक सम्पत्ति दोस्रो पक्षले उपयोग गरेमा सो बापत रोयल्टी प्राप्त गर्नुपर्दछ ।बौद्धिक सम्पत्तिको अधिकारले खेल व्यवसायिकतामा उर्जा थप्ने हुदाँ खेल गतिविधीको विकास र अग्रताका लागि यसले टेवा दिन्छ ।अन्तर्राष्टिय खेल संस्थाले आफ्नो लगानीको प्रतिरक्षाका लागि सिर्जनात्मक वा आविष्कारको स्वामित्वको एकाधिकार कायम गर्ने वा त्यसको गैरकानुनी प्रयोगलाई रोक्ने उद्देश्यले सबन्धीत राज्य वा अन्तर्राष्ट्रिय संजालको संबन्धित निकाय समक्ष आवश्यक कानुनी प्रक्रिया मार्फत सुरक्षणको प्रत्याभुत हासिल गर्न खोज्छ । बौद्धिक सम्पत्तिलाई सैद्धान्तिक रुपमा मूलतः दुई भागमा विभाजन गरिएको छ ।

बौद्धिक सम्पत्ति खुला आँखाले देख्न नसकिने हुँदा यसलाई अदृश्य सम्पत्तिको रुपमा रहने अर्थ्याएको पाईन्छ ।कुनै पनि व्यक्ति वा संस्थाले प्रतिपादन गरेको बौद्धिक सम्पत्ति दोस्रो पक्षले उपयोग गरेमा सो बापत रोयल्टी प्राप्त गर्नुपर्दछ ।बौद्धिक सम्पत्तिको अधिकारले खेल व्यवसायिकतामा उर्जा थप्ने हुदाँ खेल गतिविधीको विकास र अग्रताका लागि यसले टेवा दिन्छ ।

खेल सम्पत्तिमा मुद्रीकरण गर्न खेल उद्योग, दृष्टिकोण अनुबन्ध अधिकार,आईपी अधिकार र कम प्राविधिक भिन्नताको अधिकारहरूको अन्तरनिर्भरता सबैभन्दा महत्वपूर्ण पाटो मानिन्छ ।जतिबेला खेल गतिविधि वा प्रतियोगिताहरुको व्यापकता रहन्छ, यी अधिकारहरू पहिलो संरचना भित्र समाहित हुन्छन्, जसको हक टोली, लिग, प्रतियोगिता, खेल, संघ वा आयोजक समितिहरु मध्ये कसैन कसैको रहन सक्छ । यस प्रकारको अधिकारले प्रमुख खेल घटनाबाट हुने आयले पारम्परिक खेलहरूमा आयाम भर्दै योगदान पुऱ्याउँदछ। खेलकुदको सबैभन्दा भरपर्दो व्यवसाय मिडिया माईलेज हो । लक्षित वर्ग वा समुदायसम्म जब ब्राण्डको प्रभाव बढ्छ तब सामग्रीको माग बढ्ने गर्दछ । तसर्थ ब्राण्ड भ्यालु र ब्यापारको अधिकतम लाभको संभावनासँग खेल जगत जोडिएको हुन्छ।

# यथार्थमा जनता जाग्नु र जगाँउनुपर्छ

**उद्धव हमाल**

संसदीय लोकतान्त्रिक मुलुकमा प्रमुख प्रतिपक्ष भनेको वेटिङ्ग इन गवर्नमेन्ट अर्थात भोलिको सरकार हो, भनिन्छ । नियतिले संसद पुनःस्थापना भएपनि र चुनाव भएपनि भोलिको सरकार बन्ने कांग्रेसकै नेतृत्वमा हो । यद्यपि यतिखेर संसद पनि नरहने अनि चुनाव पनि नहुने हो कि भन्ने आशंका व्याप्त छ । ओलीको असंवैधानिक कदम, संसदको आयु २ वर्ष बाँकी, हठवादी चरित्र, कोरोना बाहाना, सर्वोच्चको ढिलो न्याय सम्पादन, बाँकी रहने छोटो समय, नेकपा विवाद निर्वाचन आयोगमा यथावत, नेकपा ओली पक्ष बाहेक सबै प्रमुख राजनीतिक दलहरू सडक आन्दोलनमा रहेका कारणले पनि चुनाव नहुने हो कि भन्ने शंकालाई बल पुगेको हो ।

ओलीले संसद पनि रहन नदिने (विघटन), बैशाखमा चुनाव पनि नहुने स्थितिमा मुलुकमा संवैधानिक शुन्यता सिर्जना गरी अकण्टक निरन्तर सत्ता लम्ब्याउने प्रपञ्च रचेका हुन्, घटनाक्रमले पुष्टि गर्दैछ । उनले भर्खरै निर्वाचन आयोगमा नेकपा फुटेको छैन भन्ने पत्र पठाएका छन् । यहाँनेर प्रचण्ड (नेपाल पक्षले पार्टी फुटिसकेको र नेकपामा आफूहरूको मात्रै हकदाबी रहेको भन्ने हिम्मत गर्न सकेका छैनन् । यतिखेर दुवै पक्ष पार्टी फोडेको अपजस लिन तैयार छैनन् । यी दुई नेकपा न मिल्न सक्ने न फुट्न सक्ने (कानुनी रुपमा ) स्थितिमा रहेका छन् । बरू निर्वाचन कार्यक्रम र गतिविधि नगर्न भनेर आयोगमा पत्र बुझाएर प्रचण्ड पक्षले ओलीको निर्वाचन नगर्ने प्रतिगामी मनसायलाई बल पुऱ्याएको छ । राजनीतिका चतुर खेलाडी ओलीको रणनीतिमा एक पछि अर्को गर्दै प्रचण्ड (नेपाल लम्पसार परेको प्रतीत हुन्छ । यतिखेर प्रम ओलीले संविधानमा प्रष्ट नभएको संसद विघटनको धारा प्रयोग गरेर संविधानलाई मुर्छित बनाएको छ । संविधान संरक्षकको भूमिकामा राष्ट्रपति विद्यादेवी भण्डारी चुकेकी छन् । संविधानको धारा र मर्मको सही व्याख्या एवम् संरक्षण गर्ने जिम्मारदायित्व सर्वोच्चको संवैधानिक अदालतले पूरा गर्ने आशा गर्न सकिन्छ । पर्यवेक्षकहरू भन्छन् ,"संसद पुनर्स्थापना भए पनि चुनाव भए पनि कांग्रेसको दुबै हातमा लड्डु हुनेछ ।" अर्थात नेकपा फुटका कारण चुनाव भए कांग्रेसको बहुमत आउने र संसद पुनर्स्थापना भएपनि कांग्रेसको नेतृत्वमा भोलिको सरकार बन्ने स्थितिले यसो भनिएको हो । जताबाट पनि फाइदै फाइदा भएभने दुबै हातमा लड्डु भन्ने गरिन्छ । कांग्रेस युवा नेता नैनसिंह महरले यो पंक्तिकारसंगको भेटमा भने, शेर बहादुर दाइको दुई हातमा हो, हो, मुखै अगाडिको पलेटमा पनि हो अर्थात तीनतिर । दुबै अवस्थामा प्रधानमन्त्री उनी नै हुने र भदौमा १४ औं महाधिवेशनबाट पुनः सभापति पनि हुने अर्थ महरजीको आशय देखिन्छ । अब कांग्रेसले लड्डु र अवसरवादी परिकल्पना नगरेर ओलीको गैरसंवैधानिक कदम, खोक्रो राष्ट्रवाद, असक्षमता र भ्रष्टाचारबारे जनतालाई भन्नुपर्छ । संविधानमा उल्लिखित कुनै पनि भाग र धारामा संसदमा सरकारको विकल्प रहुन्जेल संसद विघटन गर्न पाउने अधिकार प्रधानमन्त्रीलाई भएको कहीँ उल्लेख छैन, यसर्थ ओलीको उक्त कदम गैरसंवैधानिक छ । प्रधानमन्त्री ओलीले परराष्ट्र मन्त्रालयलाई बिना जानकारी "रअ" प्रमुख सामन्त गोयललाई रातारात भेटे । यसैगरी भारतीय सेना प्रमुख मनोज मुकुन्द नरवणे, परराष्ट्र सचिव शृंगला, सत्तारूढ बीजेपीका विदेश विभाग प्रमुख चौठाइवाललाई भेटे । अपारदर्शी, बिना जानकारीको यी र यस्ता भेटले उनी भारतीय विस्तारवादको



पोल्टामा लम्पसार परे । मोदीको दूत बनेर गोयल आएका हुन् भनी मुलुक र जनतालाई ढाँटे । कालापानी ,लिम्पियाधुरा, लिपुलेक सहितको चुच्चे नक्सा संसदबाट सर्वसम्मत पारित गरेर संविधानको अनुसूचीमा छापियो, संविधान संशोधन भयो । चुच्चे नक्सा सहितको पाठ्यपुस्तक प्रकाशित भएपछि ओलीको ठाडो आदेशमा वितरणमा रोक लगाइयो । ३ दिन अघि भर्खरै जी न्यूज च्यानलमा त्यसका सम्पादक सुधीर चौधरीलाई अन्तर्वार्ता दिए, सहकर्मी पूर्व प्रम प्रचण्डलाई अस्थिर राजनीतिज्ञ भनी गाली गरेर कथित राष्ट्रवादी छविको हुंकार दिए । रिट्रिटका लागि तिनीलाई हेलिकप्टरको बन्दोबस्त सहित सगरमाथा आधार शिविर पठाए । त्यहीँबाट उनले माउन्ट एभरेष्टमा भारतले दावा गर्नुपर्ने र त्यसको नाम सिकदर एभरेष्ट राख्नुपर्ने भने, उक्त सगरमाथाको नाप गर्ने तत्कालीन भारतीय बृटिस सरकारले सन १८५२ मा भारतीय नागरिक राधाकृष्ण सिकन्दरलाई पठाएका रहेछन् । स्मरणीय रहोस्, सुधीर चौधरी तिनै पत्रकार हुन् जसले प्रम ओली र चीनिया राजदूत यान्छीको इलू इलू भनी जी न्युजमा ६ महिना अघि समाचार प्रशारण गरेका थिए । ओली यान्छीका कारण चीनिया गोदमा गएको बताएका थिए । मलाई ताजै स्मरण छ, त्यतिबेला ओलीले भारतीय न्युज च्यानल प्रशारणमा रोक लगाएका थिए । अहिले तिनै चौधरी कसरी ओलीको प्रिय भए ? प्रमओली मोदी मिडियाको गोदमा गएका छन् । यसर्थमा ओली खोक्रो राष्ट्रवादी नेता हुन् । जनताले करिब २ र ३ बहुमत अर्थात ६४ प्रतिशत स्थान दिएर पनि आफ्नै हठ, पार्टीको समस्या आन्तरिक व्यवस्थापन गर्न नसक्ने, तीन सहकर्मी पूर्व प्रमहरू प्रचण्ड, नेपाल , खनालहरूका कुरा नसुन्ने, बहुमतको निर्णय नमान्ने बरू दबाबको बासुरीको धुन बज्न रोकियोस् भन्नका खातिर बासभाङमै आगो झोस्ने हुत्तिहारा हुन् । यसर्थ ओली असक्षम हुन् । यति होल्डिङ्स,ओम्नी, ४ अर्वको वाइड बडी, ७० करोडको सेक्युरिटी प्रेस, ८ रोपनी बालुवाटार जग्गा, स्वास्थ्य सामग्री खरीद, भ्रष्टाचारमा डुबेका र भ्रष्टाचारीहरूलाई छानबिन गर्न नदिई भ्रष्टाचार भएको छैन भन्दै संरक्षक र संवैधानिक निकायहरूलाई आफू मातहत राख्ने उनका थुप्रै नीतिगत भ्रष्टाचार हुन् । यसर्थ ओली भ्रष्टाचारी हुन् । सबै सचेत जनता ,तरूण युवा, व्यवसाय ,पेशाकर्मी,किसान ओलीको प्रतिगमन र भ्रष्टाचार विरूद्ध जाग्नुपर्छ । यी र यस्ता थुप्रै काण्ड ,भ्रष्टाचारबारे काङ्ग्रेसले आफ्नना सभाहरूमा जनतालाई बताउँनु परेको छ । ओलीको प्रतिगमन विरूद्ध तथा संविधानको संरक्षणका लागि नगर,वडा, क्षेत्र र प्रदेशका आमसभाहरूमा जनता जगाउने काम प्रमुख प्रतिपक्षी पार्टी र मुलुकको जेठो,पुरानो र ऐतिहासिक पार्टी नेपाली कागेश्सको अहिलेको अभिभारा हो ।

## औरही ...

गरेको शिविरमा काम गरेर हात मुख जोड्ने मध्यम वर्गको लागि एक दम उपयोगी रहेको छ । आफ्नो काम छोडेर घर बाहिर टाढा गएर आँखा जचाउनु परे भने एक दिनको समय खर्चिनु पर्छ ।' त्यो एक दिन भनेको काम गरेर खाने परिवारको लागि ठूलो रहेको उनले बताए । धेरै जना लहान गएर आँखा जचाँउनु पर्दा धेरै आर्थिक क्षति समेत हुनबाट जोगिएको उनले सुनाए । चौधरीले यो सबैको श्रेय गाउँपालिकाको अध्यक्ष सिद्धार्थ यादवलाई दिए ।

शिविरमा आफ्नो मन्तव्य राख्दै गाउँपालिकाका अध्यक्ष सिद्धार्थ यादवले कुनैपनि रोग लागि सकेपछि उपचार गराउनु भन्दा पनि रोग लाग्न दिनु नै उत्तम उपाय रहेको बताए । शिविर कम्तीमा महिनामा भए पनि एक पटक हुनुपर्ने उनको भनाई छ । गाउँपालिकाले के गर्नु पर्छ त्यो गर्छ । यसको लागि बजेट पनि विनियोजन गर्न गाउँपालिका तयार रहेको गाउँपालिका अध्यक्ष यादवले आँखा अस्पतालका अध्यक्ष चौधरीलाई आग्रह समेत गरे ।

शिविरमा जम्मा २ सय ७५ जनाको आँखाको परिक्षण गरिएकोमा ७५ जनामा मोतियाविन्दु भेटेको गाउँपालिकाको स्वास्थ्य संयोजक उपेन्द्र कुमार यादवले जानकारी गराए । संयोजक यादवका अनुसार आउँदो शुक्रवार मोतियाविन्दुका विरामीको लहानमा निशुल्क शल्यक्रिया गरिने संयोजक यादवले जानकारी गराए । शिविरको अध्यक्षता औरही गाउँपालिक वडा नं ५ का अध्यक्ष दिलिप यादवले गरेका थिए भने शिविरमा गाउँपालिकाको सह–संयोजक जर्वन कुमार यादव, प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डा. नवीन महतो र हेल्थ असिस्टेन्ट सन्तोष यादवको उपस्थित रहेको थियो ।

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । शुभकार्यको चर्चा चल्नेछ । सांगीतिक क्षेत्रमा रूची बढ्नेछ । सामाजिक कार्यमा मन जानेछ ।

**वृष** :- आज यात्रामा मालसामान हराउन सक्छ । कार्य सम्पादनमा समस्या आउला । चोटपटकको भयछ सचेत रहनुहोला, तर साँझमा काम बन्नेछ ।

**मिथुन**:- आर्थिक कारोवारमा मन्दी आउनेछ । मनमा दुविधा उत्पन्न होला । सौन्दर्यतामा धन खर्च हुनेछ । प्रेममा मनमुटावका साथै मन कमजोर रहला ।

**कर्कट** :- आँटेको र ताकेको कार्य पुरा होला । कार्य सम्पादनमा सहजता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ ।

**सिंह**:- प्रेमीको सहयोग प्राप्त हुनेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । चिन्ता छाडेर चिन्तन गर्ने समयछ । कला,साहित्य तथा संगीतमा रूचि बढ्नेछ ।

**कन्या** :- रोकिए काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट अधिक सफलता मिल्नेछ ।

**तुला** :- आज धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । विशिष्ट व्यक्तिको सहयोग मिल्ला । विद्या र बुद्धिको विकास हुनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**वृश्चिक** :-आज महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । बहुमुल्य वस्तु हात पर्नेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ ।

**धनु** :- आज रमणीय र सुखद् यात्राको योग छ । दैनिक कार्यमा प्रगती हुनेछ । बित्तिय संस्थाबाट सहयोग पाईनेछ । दिनको उत्तरार्ध सुखद् रहनेछ ।

**मकर**:- रमाइलो यात्राको योग रहेको छ । बन्धु–बान्धवबाट सहयोग मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । मनमा हर्ष, उमङ्ग र उत्साह रहला ।

**कुम्भ**:- आज महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । मान्यजनको सुझाव अप्रिय लाग्नेछ । नजिक व्यक्तिबाट धोका पाईन सक्नेछ सचेत रहनुहोला ।

**मिन** :- आज रमणीय र सुखद् यात्राको योग छ । आदर्श ब्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

# सर्वसत्तावादी चिन्तनले गलेको नेकपा

**गोविन्द विक**



नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को नेतृत्व वर्गमा व्याप्त सर्वसत्तावादी चिन्तनले नै आज मुलुकमा राजनीतिक अस्थिरताको अवस्थामा पुगेको हो । सत्तारूढ दलभित्रका केही नेतासँगको रिस र सनकका भरमा प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानमै नभएको प्रावधान प्रयोग गरी प्रतिनिधि सभा विघटन गराएपछि मुलुकको राजनीतिक अवस्था त बिग्रियो नै यसले प्रतिक्रान्तिको खतरा पनि निम्त्याउँदै छ ।

सरकार गठनको सुरूबाटै सत्तारूढ दलभित्र खटपट हुन थालेको थियो । दलका अध्यक्ष द्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'को व्यवहार र कार्यशैलीमा दम्भ र अहंकार बढेको अनुभव हुन थालेको थियो । ओलीले आफ्नै ढिपी गर्ने, कसैको कुरै नसुन्ने र कसैलाई गन्दै नगन्ने अरूको कुरै नमान्ने गर्न थाले भने प्रचण्ड पनि ओलीलाई 'साइज'मा ल्याउने कसरतमा लागे । अन्ततः सत्तारूढ दल विखण्डनको अवस्था पुग्यो । नेतृत्वको अहंकार र सर्वसत्तावादी चिन्तनले नेकपालाई धुजा धुजा बनायो । अध्यक्षद्वय एक अर्काप्रति कटाक्ष गर्दै हिँड्ने अवस्थामा पुगे ।

नेकपाका अध्यक्ष तथा कामचलाउ सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीको 'हुकुम'ले नयाँ जनादेश निर्देशित गर्ने हो कि संविधानले निर्देशित गर्ने हो रू यसका बारेमा पनि राजनीतिक वृत्तमा प्रश्न उठ्न थालेको छ । के कुनै नेताको सनकले मुलुकलाई अन्योलमा धकेल्न मिल्छ । विधिको शासनमा व्यक्तिको रिस वा आवेगले मुलुकलाई अस्थिरतामा लान पाइँदैन ।

दलभित्रको झगडाले संसद् विघटन भएपछि सत्तारूढ दल दुई खेमामा विभाजित भएको छ । एउटा खेमा चुनाव हुन्छ सबै चुनावमा लागिसके भन्दै देश दौडाहामा जनतालाई उखान र टुक्काले हसाउनमा व्यस्त छ भने अर्को खेमा आन्दोलन गर्न अन्य राजनीतिक दलसँग मोर्चाबन्दी गर्ने कसरतमा जुटेको छ । प्रतिनिधि सभा विघटनको मुद्दा अदालतमा पुगेको हुनाले सम्मानित अदालतको फैसला नै निर्णायक हुन्छ संसद् ब्यूँतिन्छ या ब्यूँतिँदैन भन्नेमा । यसका बारेमा अनावश्यक टीकाटिपणी गर्न अनुचित हुन्छ । तर, अहिलेको नेकपाका नेताहरूले आआफना पक्षमा गर्दै हिँडेको भाषणवाजी जनमानसमा अपच भइसक्यो । कुन नेताले के बोल्यो भन्दा पनि कुन नेताले नेतृत्व गरेको समयमा के परिवर्तन भयो र हाम्रो दैनिकीमा कति सकारात्मक प्रभाव परेको थियो भन्ने मूल्यांकन जरूरी भएको छ ।

चुनाव हुँदा पार्टीको चुनाव चिन्हमा बहकिएर उमेदवारको क्षमता, दक्षता, प्रतिबद्धता, अग्रगमन, चिन्तन, दूरगामी सोच भएको उमेदवार नहेर्दा आज हामीले यो दुर्दशा भोग्नु परिरहेको छ । जनताले राजनीतिक स्थिरताका निम्ति, देश विकास हुने अपेक्षा, निम्नवर्गीय जनताको जीवनमा समृद्धि आउने आशामा नेकपालाई करिब दुई तिहाइको नजिक मत दिएर सत्तामा पठाएका थिए । नेकपाका अध्यक्ष द्वय ओली र दाहाल दुवै निम्न वर्गीय जनताका आवाज बोल्ने नेता भएको भ्रम जनतामा परेको थियो । तर, नेकपाको झगडाले विखण्डन निम्त्याएपछि जनतामा निराशामात्र बढेको छ । सँगै भएर कुरा मिलुन्जेल देशै डुबाउने सहमति हुँदा पनि एकअर्काको बारेमा चुँक्क नगर्ने ओली आज फरक मत राख्नेका विरूद्ध अरिँगाल झैं चिल्दै हिँडेका छन् भने जनताका लागि चुइँक्क नबोल्ने प्रचण्ड पद सत्ताका लागि सडकमा उफ्रिँदैछन् ।

मुलुकमा कोरोना महामारीले अत्यायो । जनता भोकले छटपटिए । मजदुर एकछाक खान सडकमा लाम लाग्न लागे । मलर सदाहरूले खानै नपाएर ज्यान गुमाए । राधा सदाहरू काँचो आँप खाएर तड्पिए । प्रचण्डले यी समस्या उठाएर ओलीसँग जवाफतलब कहिल्यै गरेनन् । पार्टीको समस्या भन्दा पनि जनताको समस्या प्रमुख भएकोले अहिले म जनताको समस्यामा केन्द्रित हुन्छु भनेर ओलीले भनेको पनि कहिल्यै सुनिएन । केपी शर्मा ओलीले देशै बेचेर खाइसके भने जसरी प्रचण्डलाई अहिल्यै प्रधानमन्त्री हुनुपर्ने र ओलीलाई प्रधानमन्त्रीको कुर्सी भनेको आफ्नै बिर्तीजस्तै गरी छोड्नै नहुने सामन्ती प्रवृत्तिले गर्दा उनीहरूको पार्टी चिरा परेको हो । ओलीले पार्टीभित्रको झगडालाई गौण मानेर जनमुखी काममा ध्यान दिई जनता हितमा खुरूखुरू काम गरेका भए विरोधी त्यसैपछि हट्थे ।

प्रचण्डले पनि दुई वर्षसम्म पदको लोभ नगरी जनताको दुःखमा आफूलाई संलग्न गराई जनमुखी काम गर्न सरकारलाई सकारात्मक दबाब दिने काम गरेका भए जनताले चुनावमा मूल्याङ्कन गर्ने नै थिए । अहिले नै सत्ता र शक्तिको हतारोले पार्टीभित्र विवाद जन्माएर त्यसको असर जनता र मुलुकले भोग्नुपर्ने अवस्था उत्पन्न भयो । विश्वव्यापी महामारी कोरोनाको निःशुल्क उपचार गर्ने खर्च छैन भनेर सरकारले परीक्षण तथा उपचारमा जनतासँग शुल्क लिने निर्णय गरेको सबैलाई थाहै छ । पैसा नभएको भन्दै भोका जनतालाई पनि सरकारले सहायता दिएन । पैसाकै अभावले अस्पतालहरूमा पर्याप्त भेन्टिलेटर तथा आईसीयुको व्यवस्था हुन नसक्दा संक्रमितहरूले उपचार नपाएरै ज्यान गुमाए । कोरोनाले व्यवसायीहरू थला परेका छन् । तिनीहरूलाई ऋण दिन पनि सरकारसँग बजेट छैन । देशको अर्थतन्त्र धाराशायी भएकोमा सरकारलाई चासो देखिँदैन । यस्तो अवस्थामा खर्चको भारको वास्तै नगरी नयाँ जनादेश माग्न सरकार कस्सिएको छ । यो जति दुःखद र मूर्खता अरू के हुन सक्छ । अन्ततः पार्टीलाई नै जनविश्वासबाट टाढा लाने वातावरण नेकपाका नेतृत्वले नै तयार गर्दैछ । दूरगामी सोच र प्रगतिशील चिन्तन भएको नेतृत्व सत्ता र शक्तिको जोखाना हेर्नभन्दा जनताको पीडा र मुलुकको भविष्यप्रति आफूलाई सधैँ तल्लीन गराउँछ । पद र सत्ताका लागि जनताको दुःखको उपेक्ष गर्ने नेतृत्व जनताका मनमा कहिलै पनि बस्न सक्दैन । लोकतन्त्रमा सधैँ विधिको शासन र जनताका समस्यालाई प्राथमिकता दिइन्छ । लोकतन्त्रको सुन्दरता नै यही हो । तर, अहिले नेकपाभित्र मौलाउँदै गएको अस्वस्थ प्रवृत्तिले नेपाली नागरिक निराश भएका छन् भने मुलुकले बाटो बिराउने जोखिम पनि त्यत्तिकै छ ।साभारः बाह्रखरीबाट

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## वन अतिक्रमण नियन्त्रण सम्बन्धमा डिभिजन वन कार्यालय, सिरहा, लहानको अपिल

पूर्ण वा आंशिक रुपमा रुखहरुले ढाकिएको तथा वनले घेरिएको वा वनको छेउछाँउमा रहेको पर्ति वा ऐलानी जग्गा तथा वन भित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेत वन क्षेत्रको परिभाषा भित्र पर्दछ । वन क्षेत्रको जग्गा अवैध रुपमा खनजोत गर्नु तथा त्यसमा घर छाप्रो बनाउने कार्य वन अतिक्रमण हो ।

**वन अतित्रमण जघन्य वन अपराध हो । वन अतिक्रमण भित्र निम्न क्रियाकलापहरु पर्छन ।**

१. वन क्षेत्रको जग्गा आवाद गर्नको लागि फडानी गर्ने, खन्ने/ जोत्ने कार्य गर्ने ।
२. वन क्षेत्र ओगट्ने हिसाबले वनको जग्गामा साँध सिमाना लगाउने, बारबेर गर्ने ।
३. वन क्षेत्रमा आवद गरी अन्न वा कृषी बाली लगाउने ।
५. अनाधिकृत रुमा वन क्षेत्रमा टावर, विद्युतगृह, मठ मन्दिर, गुम्बा, चिहान वा मसानघाट, निजी तथा सामुदायिक भवन तथा विद्यालयहरु निर्माण गर्ने ।

वन क्षेत्र भित्र यस्ता क्रियाकलापहरु गर्ने गराउनेलाई वन ऐन, २०७६ को दफा ५० को उपदफा (३) बमोजिम दफा ४९ को खण्ड (ख) अन्तर्गतको कसुर गर्नेलाई पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गरी त्यस्तो जग्गा राष्ट्रिय वनमा समावेश गरी सो जग्गामा बनाइएको घर वा छाप्रो र प्रयोग भएका मेसिनरी औजार, साधन समेत जफत हुनेछ । त्यस्तो कसुर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए निजलाई सो वापत हुने सजाय समेत हुनेछ ।

वन अपराधमा दण्डीत हुनबाट बचौं । वन अतिक्रमण हुन नदिन आ- आफनो क्षेत्रबाट त्यस्ता क्रियाकलापमा संलग्न हुनेलाई दुरुत्साहित गरौं ।

**डिभिजन वन कार्यालय, सिरहा, लहान**



## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा

# धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal

## कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना ।

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७७।१०।०१ गते)**

धनगढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत सञ्चालनमा रहेको नयनपुर अस्पताल, प्राकृतिक/आयुर्वेदिक अस्पताल र आधारभूत स्वास्थ्य संस्थाहरुमा कार्य गर्न स्वास्थ्यकर्मी लगायतका जनशक्तिको आवश्यकता रहेकोले देहायको पद र संख्यामा सेवा करारमा पद-पूर्ति गर्नुपर्ने भएकले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिए बमोजिम नेपाली नागरिकताको प्रमाण-पत्र र शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि तथा नगरपालिकामा राजश्व दाखिला सक्कल रसिदको प्रति संलग्न राखी दरखास्त फाराम पेश गर्नुहुन अनुरोध गरिन्छ।

**तपसिल:**

| क्र.सं. | पद | शैक्षिक योग्यता | आश्यक संख्या |
|---|---|---|---|
| १. | स्टाफ नर्स | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण-पत्र तह PCL Nursing (Staff Nurse) उतिर्ण गरेको। | ३ जना |
| २ | हे.अ. | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण-पत्र तह (Health Assistant) उतिर्ण गरेको। | ३ जना |
| ३ | रेडियो ग्राफर | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण-पत्र तह (Radiography) उतिर्ण गरेको। | १ जना |
| ४ | कविराज | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण-पत्र तह (कविराज/आयुर्वेदिक) कोर्ष उतिर्ण गरेको। | १ जना |
| ५ | ल्याब टेक्निसियन | मान्यता प्राप्त शैक्षिक संस्थाबाट Medical Laboratory Technician कोर्ष उतिर्ण गरेको। | १ जना |
| ६ | अ.न.मी. | मान्यता प्राप्त शैक्षिक संस्थाबाट ANM कोर्ष उतिर्ण गरेको। | ६ जना |
| ७ | अ.हे.ब. | मान्यता प्राप्त शैक्षिक संस्थाबाट AHW/CMA कोर्ष उतिर्ण गरेको। | ६ जना |
| ८ | बैध | मान्यता प्राप्त शैक्षिक संस्थाबाट बैध/आयुर्वेदिक कोर्ष उतिर्ण गरेको। | १ जना |
| ९ | एम्बुलेन्स चालक (ह.स.चा.) | साधारण लेख पढ जान्ने। | १ जना |
| १० | कार्यालय सहयोगी | साधारण लेख पढ जान्ने। | ७ जना |
| ११ | स्वीपर | साधारण लेख पढ जान्ने। | १ जना |

**द्रष्टव्य:**

१. **दरखास्त बुझाउने अन्तिम मिति:** सूचना प्रकाशित मिति देखि १५ औं दिन कार्यालय समयभित्र (अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट), म्याद नाघी आएको आवेदन मान्य हुनेछैन।

२. **दरखास्त शूल्क:** स्टाफ नर्स, हेल्थ असिस्टेन्ट, रेडियो ग्राफर, कविराज, ल्याब टेक्निसियन पदको लागि रु.८००।-, अ.न.मी., अ.हे.ब. र बैध पदको लागि रु.६००।-, एम्बुलेन्स चालक (ह.स.चा.) पदको लागि रु.५००।- र कार्यालय सहयोगी/स्वीपर पदका लागि रु.४००।- मात्र।

३. **परीक्षाको किसिम:** (क) स्टाफ नर्स, हेल्थ असिस्टेन्ट, रेडियो ग्राफर, कविराज, ल्याब टेक्निसियन, अ.न.मी., अ.हे.ब. र बैध पदको लागि लिखित, मौखिक परीक्षा र अन्य पक्षको मूल्याङ्कन द्वारा छनौट गरिने छ। (ख) एम्बुलेन्स चालक पदको लागि सिप परीक्षण, अन्तर्वाता र अन्य पक्षको मूल्याङ्कनबाट छनौट गरिने छ। (ग) कार्यालय सहयोगी र स्वीपर पदका लागि अन्तर्वाता र अन्य पक्षको मूल्याङ्कनबाट छनौट गरिने छ।

४. **उमेर हद:** ह.स.चा., का.स. र स्वीपरको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र अन्य पदको हकमा सम्बन्धित पदको लागि लोकसेवा आयोगले तोके बमोजिमको हद।

४. **परीक्षा मिति:** दरखास्त बुझाउने अन्तिम मितिको भोलि पल्ट जानकारी गराईनेछ।

५. **दरखास्त फारम:** यस कार्यालयको website http://www.dhangadhimaimun.gov.np बाट Download गर्नुहुन।

६. **आवेदन बुझाउने स्थान:** धनगढीमाई नगरकार्यपालिकाको कार्यालय, प्रशासन शाखा।

७. **थप जानकारीको लागि:** कार्यालय समयभित्र यस कार्यालयमा वा कार्यालयको टेलिफोन नं. ०३३-५४५२७१, ९८४२८३९१०९, ९८०२३१९२५१ मा सम्पर्क गर्न सकिनेछ।

**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

*नोट :- "पेश गरिने सबै कागजातहरुको प्रतिलिपीहरुको पछाडिपट्टी उम्मेदवार स्वंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।"*

# धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**(दोश्रो पटक प्रकाशित मिति : २०७७।१०।०१ गते)**

प्रस्तुत विषयमा यस धनगढीमाई नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को लागि तपसिल बमोजिम कर्मचारी सेवा करारमा पद पूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उमेदवारहरुबाट दरखास्त आवहान गरिएको छ।

**तपसलि:**

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह | माग संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०३/२०७७/०७८ | उद्यम विकाश सहजकर्ता | १ | रु. ८०० | यस अघि छनौट गरी नियुक्त गरेको मध्ये एक जनाले सेवा छाडेको हुदाँ सो स्थान पूर्ती गर्न । |

**आवश्यक न्यूनत्तम योग्यता र अनुभव:**

१. **शैक्षिक योग्यता:**
क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता उद्यम विकास सहजकर्ता सम्वन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको, वा
ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा
ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता उद्यम विकास सहजकर्ता सम्वन्धी प्राविधिक प्रवेशिका परिक्षा (टिएसएलसी) उत्तीर्ण गरेको।

२. **कार्य अनुभव:**
लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जनको क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको हुनु पर्ने।

३. **दरखास्त दिने स्थान:** धनगढीमाई नगरपालिकाको कार्यालय, धनगढी, सिरहा।

४. **दरखास्त दिने अन्तिम मिति:** २०७७।१०।०५ गते सम्म कार्यालय समय भित्र।

५. **दरखास्त फाराम पाईने स्थान:** धनगढीमाई नगरपालिकाको वेबसाईड वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने।

६. **छनौटको किसिम:** प्रारम्भिक योग्यता क्रमको सुचि प्रकाशन, लिखित परिक्षा र / वा अन्तरवार्ता।

७. **आवेदन तथा संलग्न कागजातहरु:** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु:
क) नागरिकताको प्रमाणित प्रतिलिपि। ख) न्यूनत्तम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि।
ग) चारित्रिक प्रमाण-पत्रको प्रतिलिपि। घ) अनुभव खुल्ने कागजात।
ङ) २ प्रति पासपोर्ट साईजको फोटो।

८. **सेवा सुविधा:** नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

**नोट:** यस पदको लागि आवेदन ईमेल मार्फत पनि दिन सकिने छ र यसका लागि आवेदन र आवश्यक सबै कागजातहरु यस कार्यालयको इमेल ठेगाना ito.dhangadhimaimun@gmail.com मार्फत पठाउन र आवेदन दस्तुर वापतको रकम यस कार्यालयको बैंक NCC Bank Ltd., धनगढी शाखा, खाता नं. १४२०००००४०८०१ मा जम्मा गरी भौचर समेत ईमेलमा पठाई आवेदन दिनु हुन व्यहोरा सम्वन्धित सबैमा जानकारी गराईन्छ।

**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

**विस्तृत जानकारीको लागि सम्पर्क नं. ०३३-५४५२७१**

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**
**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**
**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**
**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**
**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**
**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**
**औरही गाउँपालिका कार्यालय, सिरहा**
**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**
**नरहा गाउँपालिका कार्यालय, सिरहा**




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)